# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, माघ २७ गते २०४८ साल (संख्या ४३

## भाग ४

श्री ५ को सरकार

### वाणिज्य मन्त्रालयको सूचना

नेपाल अधिराज्यको कुनै बैंकमा परिवर्त्य विदेशी मुद्रामा खाता खोली कुनै नेपाली नागरिकले विदेशी मुद्रा नेपाल राष्ट्र बैंकलाई आधिकारिक दरमा बिक्री गरेको प्रमाण सहित वाणिज्य विभागमा आवेदन गरेमा त्यस्तो परिवर्त्य विदेशी मुद्राबाट खण्ड ३७ अतिरिक्ताङ्क १५आ मिति २०४४।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको दफा २ को उपदफा (२) मा उल्लेखित व्यक्तिगत पैठारीको वस्तुहरू आयात गर्न पाउने र ओ.जि.एल. अन्तरगतका वस्तुको हकमा भने विदेशी मुद्राको धनी आफैले वा अरू कसैमार्फत हक हस्तान्तरण गरी आयात गर्न पाउने गरी यो सूचना प्रकाशित गरिएको छ ।

खण्ड ३५ संख्या ४१ मिति २०४२।१०।१४ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको यस सम्बन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले,
दुर्गाप्रकाश पाण्डेय
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२०